संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-४
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ०२: ५४ बजे*

२०८० जेठ ५ गते, शुक्रवार (पहिलो)

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय जग प्रसाद शर्मा**ले समृद्धिको आधार सुशासनबाट शुरू हुने बताउनुहुँदै नेपालको साझा समस्या कुसंस्कार, अपारदर्शिता र भ्रष्टाचार भएको बताउनुभयो। सुशासनका विषय पेचिलो बन्नुका कारणहरू पहिलो पुरानो प्रवृत्ति तथा स्वार्थगत आचरण, दोश्रो, निर्वाचन प्रणालीले राजनीतिक दलहरूमा ल्याएको विकृति विसंगति, तेश्रो, संविधानले मार्गदर्शन गरेका नियम कानुनहरू निर्धारित समयमा निर्माण नहुनु, चौथो, जीवन पद्धति र उत्पादन प्रणालीबीचको अन्तरविरोध, पाचौं चालु बजेट र पुँजीगतबजेटको खर्च अनुपातको असमानता भएको बताउनुभयो। साथै सुशासनको सवालमा सरकार दृढतापूर्वक अघि बढ्नुपर्ने बताउनुभयो।

**माननीय रामचन्द्र राई**ले सबैको आशा भनेको सुशासन भएको बताउनुहुँदै नेतृत्वकर्ताको भनाई र गराईमा भिन्नता भएको बताउनुभयो। विद्युतीय रेलमार्ग सञ्चालन र फास्ट ट्रयाक चाँडो बनाउनुपर्ने र यसबाट नेपालले यस्ता आयोजनाहरूको निर्माण कार्य नेपालले नै बनाउन सक्छ भन्ने सकारात्मक सन्देश जनस्तरसम्म पुग्ने बताउनुभयो। पर्यटनका बहुक्षेत्रहरूको विकासका लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले अहिलेको देशको मूल समस्या भ्रष्ट्राचार रहेको र यसको निवारणमा सरकारले प्रभावकारी कदम चालेमा देश अग्रगमनतर्फ जाने र यसको निवारणमा काम गर्न नसकेमा सरकारकै जगमा टेकेर देश प्रतिगमनतर्फ अघि बढ्ने बताउनुभयो। नेपालले भ्रष्ट्राचार न्यूनीकरण गर्न चार वटा काम गर्नुपर्ने बताउनुभयो । पहिलो, भ्रष्ट्राचारको राजनीतिक सञ्जालको निरन्तर निगरानी गर्नुपर्ने, दोश्रो, कुनै पनि व्यक्तिलाई लामो समयसम्म एउटै शक्तिकेन्द्रमा राख्न नहुने, तेस्रो, नेपाल प्रहरीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्ने र चौथो, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन प्रकृयामा सुधार गर्नुपर्ने बताउनुभयो।

**माननीय जयन्ती देवी राई**ले महिलासँग सम्बन्धित घटनाहरूमा बढोत्तरी हुँदै गईरहेको बताउनुहुँदै सिराहाका विमला दत्त आमरण अनसनमा बसेको दश दिन भएपनि सरकारको उपस्थिति उक्त स्थानमा नभएको, रामेछाप जिल्लाको प्रदिप कठायत र सिराहा जिल्लाका विमला यादवबीच भएको जवरजस्ती करणी सम्बन्धी मुद्धामा कठायत परिवारले पीडितलाई मानसिक तनाव दिइरहेको बताउनुभयो। उक्त घटनामा गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय मोहम्मद खालिद**ले सिराहा र धनुषालाई जोड्ने कमला नदी माथिको पुल आठ बर्षअघि शिलान्यास भएर निर्माण कार्य सुरु भएको तर हालसम्म पनि सम्पन्न नभएकोमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो। सिराहा जिल्लामा विकासको नाममा बजार भत्काएको प्रति आपत्ति जनाउनुहुँदै त्यहाँका ब्यापारीको मागको सम्बोधन हुनुपर्ने बताउनुभयो। भरखरै हज कमिटीका अध्यक्ष भुटानी शरणार्थी प्रकरणमा जोडिएकोमा यसको ठोस अनुसन्धान गरी कारबाही गर्नुपर्ने बताउनुभयो।

**माननीय नरपति लुवार**ले सरकारले कर्णालीको समस्याको समाधानमा ध्यान दिनुपर्ने बताउनुभयो। राजाको पालामा पनि कर्णालीको समस्यामा ध्यान नदिएको र हालको सरकारले पनि कर्णालीको विकासको लागि ध्यान नदिएको बताउनुभयो। कर्णालीको बाटोको समस्यालाई समाधान गर्न पहल गर्नुपर्ने, जुम्लामा रहेको कर्णाली प्रदेश अस्पतालको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

**माननीय शेखर कुमार सिंह**ले अगामी बजेट नेपाल र नेपालीको हितमा आउने विश्वास रहेको बताउनुभयो। गजेन्द्र नारायण सिंह अञ्चल अस्पता सिराहामा रेडियोलोजिस्ट आठ महिनादेखि खालि रहेको हुँदा पनि आवश्यक व्यवस्था हुन नसकेको बताउनुभयो। हुलाकी सडकको अवस्था सुधार गर्नुपर्ने, सिराहा बजारको सुधार हुनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो । वर्षायामसँगै तराईमा प्रत्येक वर्ष डुवानको समस्या हुने र यसको समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो।

**माननीय खिमलाल देवकोटा**ले काठमाडौं नेपालको राजधानीको इतिहास लामो रहेको तर हाल यो संसारको सबैभन्दा प्रदुषित सहरको रुपमा पर्नु लज्जास्पद भएको बताउनुभयो। राज्य संयन्त्रले प्रभावकारी कार्य गर्ने हो भने यो समस्याको सहज समाधान गर्न सकिने हुनाले यस दिशातर्फ सरकारको ध्यान जानुपर्ने बताउनुभयो। बर्दिया जिल्लाबाट प्रतिनिधि सभा सांसद सञ्जय गौतम र प्रदेश सभा सदस्य भुवनेश्वर चौधरी बबई नदिमा पुल निर्माण गर्नुपर्ने कुरामा आमरण अनसन बसिरहेको विषयमा आफ्नो पूर्ण समर्थन रहेको बताउनुहुँदै जायज मागको सरकारले समयमा नै सम्बोधन गर्नुपर्ने बताउनुभयो।

**माननीय सोनाम गेल्जेन शेर्पा**ले देश भ्रष्ट्राचारमुक्त बनाउने भनेर सबैले भन्ने गरेको तर वर्तमान घटनाले भ्रष्ट्राचारलाई अन्तर्राष्ट्रियकरण गरेको बताउनुभयो। वर्तमान समयमा नेपालमा बस्न चाहने मानिसले भ्रष्ट्राचार नै गर्नुपर्छ भन्ने मानसिकता विकास हुँदै गईरहेको बताउनुभयो। कुनै निर्माण कार्य गर्नुपूर्व कर्मचारीलाई रकम खुवाएर योजना पास गराउनुपर्ने बाध्यता रहेकोले भ्रष्ट्राचारको शुरुवात यहींबाट हुने बताउनुभयो। भ्रष्ट्राचारको निवारणका लागि सबैले आ-आफ्नो क्षेत्रबाट प्रयत्न गर्नुपर्ने बताउनुभयो।

**माननीय प्रकाश पन्थ**ले व्यवस्था बचाउन, उपलब्धी बचाउन र संविधान बचाउन शासन व्यवस्थामा सुशासन कायम गर्न आवश्यक रहेको बताउनुभयो। संविधानको धारा १ मा नै संविधान राज्यको मूल कानुन भएको हुँदा यसको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने उल्लेख भएकोले यसको सबैले पालना गर्नुपर्ने तर यसको विभिन्न क्षेत्रबाट आफु अनुकुल व्याख्या गर्ने परिपाटी रहेको बताउनुभयो। संविधानको इमान्दार पालना र कार्यान्वियनले सुशासनयुक्त र भ्रष्ट्राचारमुक्त समाज निर्माण गर्ने भएकोले सम्पूर्ण निकायहरू सोही दिशातर्फ अग्रसर हुन आवश्यक रहेको विषयमा जोड दिनुभयो।

**माननीय नारायण प्रसाद दाहाल**ले नक्कली भुटानी शरणार्थी प्रकरण देशद्रोही र मानव बेचविखन सम्बन्धी मुद्धा भएको र यो जघन्य अपराध भएको र सम्बन्धित निकायले गरेको कार्य सराहनीय रहेको बताउनुभयो। देशलाई बदनाम गराउने कार्यको उचित कारबाही गर्नुपर्ने र कतिपय अवस्थामा यस

घटनाको विषयान्तर गराउने कार्य भइरहेको बताउनुभयो। आगामी बजेटले अर्थव्यवस्थामा सकारात्मक परिवर्तन हुने आशा रहेको बताउनुभयो।

**माननीय गोपाल भट्टराई**ले देशको आर्थिक अवस्था जटिल रहेको भ्रष्ट्राचारमा बढोत्तरी भइरहेको, सरकारले पूर्णता पाउन नसकेको र भुटानी शरणार्थी प्रकरणमा प्रहरीको अनुसन्धानलाई प्रभाव पार्ने कार्य भएको बताउनुभयो। नेपालको स्वास्थ्य अवस्था जटिल भएको र स्वास्थ्य अवस्था सुधारका लागि अघिल्लो सरकारले प्रत्येक गाउँपालिकामा अस्पताल निर्माणको योजना तर्जुमा गरेपनि हालसम्म पूरा हुन नसकेको बताउनुभयो।

**माननीय उदय बहादुर बोहोरा**ले नक्कली भुटानी शरणार्थी प्रकरणको राष्ट्रिय र अन्तर्राष्ट्रिय चर्चा भएको र यसमा सरकारले गरिरहेको छानविनको प्रशंसा गर्नुभयो । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि नेपालले विश्वबैङ्कबाट ऋण लिएर कार्यक्रम गरिरहेको र यसबाट राज्यलाई अनावश्यक आर्थिक भार परेको बताउनुभयो। यो राष्ट्रिय आवश्यकता नभएको बताउनुहुँदै राष्ट्रिय आवश्यकता नभएका विषयहरूलाई हटाउँदै जानुपर्ने बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले संघीय संसदका महासचिव डा. भरतराज गौतमलाई "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" गठन सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी गराउन समय उपलब्ध गराउनुहुँदा महासचिवले उक्त सन्देशलाई सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्य **गोपी बहादुर सार्की आछामी**लाई प्रतिनिधि सभाबाट प्राप्त "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ संशोधन मस्यौदा समिति" मा राष्ट्रिय सभाका माननीय सदस्यहरूको मनोनयन सहित समिति गठन सम्बन्धी प्रस्तावको स्वीकृतिको लागि प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय गोपी बहादुर सार्की आछामिले उक्त प्रस्तावलाई सभा समक्ष पेस गर्नुभयो।

सम्माननीय अध्यक्षले उक्त प्रस्तावका समर्थक **माननीय सदस्य प्रकाश पन्थ र माननीय सदस्य दिल कुमारी रावल थापा (पार्वती)** लाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिनुहुँदा माननीय सदस्यहरूले प्रस्तावको समर्थन गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धी माननीय सदस्यहरूबाट कुनै पनि सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै सोहि नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गको तर्फबाट माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**लाई **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धी माननीय सदस्यहरूबाट कुनै पनि सूचना प्राप्त नभएको जानकारी

गराउनुहुँदै सोहि नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गको तर्फबाट माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**लाई **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० स्वीकृत गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई सम्माननीय अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेतको तर्फबाट माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**लाई राष्ट्रिय सभामा विचाराधीन **"कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८ फिर्ता लिने अनुमतिको प्रस्ताव"** प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्ताव सम्माननीय अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

सम्माननीय, अध्यक्षले उक्त प्रस्ताव सभाबाट स्वीकृत भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को ११६ को उपनियम (२) बमोजिमको प्रतिवेदन सभामा पेस गर्न विधायन व्यवस्थापन समितिलाई निर्देशन दिनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलबाट सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपराह्न ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने व्यहोरा जानकारी गराउनुहुँदै राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई अपराह्न ३:४५ बजेभित्र नै प्रतिनिधि सभा बैठक कक्षमा माननीय सदस्यहरूका लागि निर्धारण गरिएको औपचारिक पोशाकमा उपस्थित भई आ-आफ्नो आशनग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संविधान सभा सदस्य पुरुषोत्तम बस्नेतको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव सभामा प्रस्तुत गर्नुभयोः

> "संविधान सभा सदस्य पुरुषोत्तम बस्नेतको मिति २०८० साल वैशाख २९ गते ७८ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।
>
> स्वर्गीय बस्नेत २०६४ सालको संविधान सभामा नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो।
>
> यो बैठक स्वर्गीय बस्नेतप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

तत्पश्चात्, सभाले संविधान सभाका पूर्व सदस्य पुरुषोत्तम बस्नेतको निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गर्‍यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक आजै **अपराह्न ६ बजेर १६ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव